# कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

**प्रस्तावना:** कर्णाली प्रदेश सरकारबाट कृषि, पशुपन्छी पालन र सहकारी क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि मार्फत कर्णाली प्रदेशका बासिन्दाको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ (२) ले दिएको अधिकार प्रयोग गरि कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम बमोजिम कृषि, सहकारी प्रवर्द्धन र गरिबी निवारणका लागि छनौट भएका अनुदानग्राहीलाई दिइने रकम वा कृषि सामग्री सम्झनु पर्छ र सो शब्दले कृषि ऋणको ब्याजमा दिइने नगद अनुदानलाई समेत जनाउँछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि कार्य गर्ने व्यावसायिक कृषि फर्म र कम्पनी, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति, बोर्ड, ऋणी कृषक र कृषि व्यवसायी सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने कृषि, सहकारी विकास, भूमि व्यवस्थापन र गरिबी निवारण सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय र अन्तर्गतका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ।

(ङ) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग तथा व्यवसाय सम्झनु पर्छ।

(च) "निर्देशक समिति" भन्नाले दफा ७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

१६. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने प्रत्येक कार्यक्रममा कार्यालय प्रमुखले सम्बन्धित शाखा वा प्राविधिक जनशक्तिको अभावमा सम्बन्धित विषयका प्राविधिक कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ। कार्यक्रमको समग्र अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु सम्बन्धित शाखा वा जिम्मेवारी तोकिएको कर्मचारीको दायित्व हुनेछ।

(२) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष, सम्बन्धित कार्यालयको प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि र आवश्यकता अनुसार विषय विज्ञको सहभागितामा कार्यालयले अनुगमन समिति गठन गरि कार्यक्रमको अनुगमन तथा सहजीकरण गर्न सक्नेछ। त्यस्तो अनुगमन समितिमा प्रदेश सभाका सदस्यलाई समेत आमन्त्रण गर्न सकिनेछ।

(३) कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार सम्बन्धित कार्यालय, निर्देशनालय, विषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुन सक्नेछ।

१७. **गुनासो व्यवस्थापनः** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरूपण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले मन्त्रालयको सचिव समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर मन्त्रालयको सचिवले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनेछ।

१८. **सहुलियत दरमा सेवा उपलब्ध गराउनु पर्नेः** यस कार्यविधि बमोजिम कोल्ड स्टोर, ढुवानी सेवा, कृषिजन्य उद्योग स्थापना, कस्टम हायरिङ्ग सेन्टर र स्रोत केन्द्र सञ्चालन गर्न अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सेवाग्राहीलाई सहुलियत दरमा सेवा उपलब्ध गराउनु पर्नेछ।

१९. **दोहोरो सुविधा लिन नपाउनेः** (१) अनुदानग्राहीले एउटै कामको लागि सङ्घ, प्रदेश वा स्थानीय तह वा एकभन्दा बढी निकायबाट र एक आर्थिक वर्षमा एकभन्दा बढी कार्यक्रमको लागि मन्त्रालय वा अन्तर्गतका कार्यालयबाट अनुदान प्राप्त गर्न सक्ने छैन।

तर अन्य साझेदार निकायसँग सम्झौता भई लागत अनुमानमा साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा वा बहुवर्षीय प्रकृतिका आयोजना तथा कृषक, फर्म, समूह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरि प्रस्ताव स्वीकृत भएको अवस्थामा कार्यालयले अनुदान प्रदान गर्न सक्नेछ।

डा. ... प्रसाद ...
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-११ अनुसारको कार्यक्रम बाहेक पछिल्लो दुई आर्थिक वर्ष लगातार अनुदान प्राप्त गर्ने अनुदानग्राहीले यस कार्यविधि बमोजिमको अनुदान प्राप्त गर्न सक्ने छैन।

२०. **सम्झौता बमोजिम हुनेः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलाप, विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा उल्लिखित शर्त बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृतिबिना सम्झौतामा उल्लिखित अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन वा बिक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रम सम्झौतामा तोकेको अवधिसम्म निरन्तर रूपमा सञ्चालन गर्नुपर्नेछ।

(३) कुनै विशेष कारणवश वा काबूबाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौतामा तोकेको समयभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा अनुदान रकम तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय बिच भएको सम्झौता बमोजिम हुनेछ।

२१. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा सारभूत विषय बाहेकको सामान्य प्राविधिक विषयमा बाधा अड्काउ उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

डा. [illegible] प्रसाद [illegible]
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

अनुसूची-११

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

हरेक वर्ष अनुदान प्राप्त गर्न सक्ने कार्यक्रमको विवरण

| क.सं. | कार्यक्रमहरु |
|---|---|
| १. | संगठीत बजारमा दुध बिक्री गरेवापत कृषकलाई दिईने प्रोत्साहन अनुदान कार्यक्रम |
| २. | पचास भन्दा बढि भेडा वा दश भन्दा बढी चौंरी पालक कृषकलाई औषधि उपचार वापत प्रोत्साहन अनुदान कार्यक्रम |
| ३. | उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम |
| ४. | बीउ उत्पादन कार्यक्रम |
| ५. | जग्गा भाडा, विद्युत महशुल |
| ६. | प्राङ्गारिक प्रमाणीकरण शुल्कमा दिईने अनुदान |
| ७. | अन्य कार्यविधिले निश्चित अवधि तोकेका कार्यक्रमहरु |
| ८. | बजारिकरणको लागि ढुवानी अनुदान कार्यक्रम |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

अनुसूची-६

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**अनुदानको लागि पेश गर्ने प्रस्तावको ढाँचा**

१. प्रस्तावित परियोजनाको सारांश

| | |
|---|---|
| अनुदानग्राहीः सहकारी/ समूह/ कृषि फर्म/ व्यावसायिक कृषकको नामः | |
| ठेगानाः<br>स्थानीय तहः<br>वडा नम्बर.:<br>टोलः | |
| कार्यक्रमको नामः | |
| आवेदकको नामः | |
| ठेगानाः | |
| आधिकारिक व्यक्तिको नाम र ठेगानाः | |
| मोबाइल नम्बर : | |
| <u>कार्यक्रमबाट लाभान्वित विवरण</u><br>घरधुरी सङ्ख्याः दलित................जनजातिः...................अन्यः......... जम्माः............<br>जनसङ्ख्याः दलित महिलाः...........पुरुषः...........जनजाति महिलाः..........पुरुषः..........<br>अन्य महिलाः............पुरुषः............<br>जम्माः महिलाः .................... पुरुषः...................... जम्माः...................... | |
| परियोजना सञ्चालन स्थलः | जिल्लाः<br>नगरपालिका/ गाउँपालिकाः<br>वडा नम्बर :<br>स्थान / टोलः |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | मोहडाः<br>समुद्र सतहदेखि उचाइः ..................... मिटर |
| हाल गरिएका क्रियाकलापः<br>क्रियाकलापको नामः<br>क्षेत्रफल/सङ्ख्याः<br>उत्पादनः<br>बिक्री रकमः<br>खुद नाफाः | |
| हाल कार्यक्रम मागसँग सम्बन्धित पूर्वाधार तथा सम्पतिः | (यसमा तरकारी खेती व्यवसाय गर्ने भए प्लाष्टिक घरको सङ्ख्या/ फलफूल खेतीमा बोट सङ्ख्या / फलफूल खेतीमा मौरी पालन भए घार सङ्ख्या जस्ता आदि खुलाउने) |
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्यः | (यसमा आय आर्जन वृद्धि गर्ने, व्यावसायिक खेती वृद्धि गर्ने, रोजगारी वृद्धि गर्ने, बँगैचा सुधार र क्षेत्रफल विस्तार जस्ता क्रियाकलाप खुलाउने) |

२. अनुदान प्राप्त रकमबाट गरिने क्रियाकलापको विवरणः

| क्र.सं | क्रियाकलाप | इकाई | परीमाण | दर | जम्मा | अनुदान | स्वलगानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

१२४

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कुल जम्मा बजेट

अनुदान माग रकम रु.

अनुदानग्राही स्वलगानी रु.

३. पहिले अन्य कुनै निकायबाट अनुदान प्राप्त गरे/नगरेको, गरेको भए कुन कार्यक्रमको लागि प्राप्त गरेको हो खुलाउने।

गरेको: .............

नगरेको: .........

४. प्रस्तावित परियोजनाका लागि अन्य कुनै निकायसँग साझेदारी गरे नगरेको। गरेको भए खुलाउने।

गरेको: ................

नगरेको: ................

५. कार्यतालिका

| क्रियाकलाप | बैशाख | जेष्ठ | असार | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

## प्रतिबद्धता पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, .................... कार्यालय, ............को मिति ........................................ को सूचना अनुसार ........................................ ..............................................................................कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको व्यावसायिक योजना सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा व्यावसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ........... वर्ष सम्म निरन्तरता दिनेछु / छौं। व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा ......... (..............) वर्ष अगावै सो व्यवसाय बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित कानून बमोजिम ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु / छौं अन्यथा प्रचलित कानून बमोजिम सहुला/बुझाउला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

**आवेदकको तर्फबाट**

नामः

पदः

सम्पर्क नम्बर.:

दस्तखतः

मितिः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

डा. भिम प्रकाश शर्मा
मन्त्री